# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं.:

## विज्ञापन कर उठाउने कार्यको बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/११/१६
ठेक्का नं.– आय-०१/०७८/०७९

अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४ को दफा ५ उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.०७८।०७९ र ०७९।०८० दुई आ.व.को लागि विज्ञापन कर उठाउने कार्य बोलपत्रका माध्ययमद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

**ठेक्का सम्बन्धि शर्तहरु**

१ बोलपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म कार्यालय समयभित्र रु.३,०००। (फिर्ता नहुने गरि) राजस्व तिरि खरिद गर्न सकिनेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नं. दर्ता प्रतिलिपि, आ.व.०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।

२ बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म दाखिला गरि सक्नुपर्नेछ । सोही दिन दिनको २:०० बजे खोलिनेछ ।

३ बोलसाथ आँफुले कबोल गरेको अंक (मू.अ.कर सहितको) ५% ले हुने रकम यस कार्यालयको एनआईसि एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. A5CA549959952403 मा नगदै जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्रिय वाणिज्य बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ ठेक्काको संशोधित न्युनतम अंक मू.अ.कर बाहेक रु.२५,००,०००। (अक्षरुपी पच्चिस लाख मात्र) कायम गरिएको छ ।

५ सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताले बोलपत्र स्वीकृत भएपछि तोकिएको अवधिमा ठेक्का सम्झौता गर्नु पर्नेछ । तोकिएको अवधिमा सम्झौता नगरेमा वा ठेक्का लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलपत्रदातावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ ।

६ बोलपत्रदाताले कबोल गरेको रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ । दाखिला गर्न बांकी रकमको लागि सम्झौताका बखत वाणिज्य बैंकले जारी गरेको कम्तिमा ०७९ माघ मसान्त सम्म म्याद रहेको बैंक जमानत पेश गर्नुपर्नेछ ।

| विवरण | रकम दाखिला गर्नुपर्ने अवधि | दाखिला गर्नुपर्ने रकम |
|---|---|---|
| आ.व.०७८।०७९ को प्रथम किस्ता | ठेक्का सम्झौताका बखत | कूल कबोल रकमको २५% ले हुने रकम |
| आ.व.०७८।०७९को अन्तिम किस्ता | ०७९ जेष्ठ मसान्त | कूल कबोल रकमको २५% ले हुने रकम |
| आ.व.०७९।०८० को प्रथम किस्ता | ०७९ श्रावणमा नवीकरण गर्दाका बखत | कूल कबोल रकमको २५% ले हुने रकम |
| आ.व.०७९।०८०को अन्तिम किस्ता | ०७९ पौष मसान्त | कूल कबोल रकमको २५% ले हुने रकम |

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं.:

७ बोलपत्रदाताले सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा आन्तरिक राजस्व कार्यालयमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम यस नगरपालिकाको खातामा दाखिला गरि सोको भौचर पेश गर्नुपर्नेछ । यस्तो मू.अ.कर रकम कार्यालयले आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिदिनेछ ।

८ ठेक्का अवधि ०७८।०७९ र ०७९।०८० गरि दुई आ.व.को हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ बन्द, हडताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन

१० ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११ तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन । स्वदेसी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

१२ तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।

१३ सार्वजनिक लगायत नीजि स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ ।

१४ अन्य जानकारीको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१५ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६ आ.व.०७८।०७९ र ०७९।०८० का लागि विज्ञापन करको दरहरु यसप्रकार हुनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले थप गरि संकलन गर्नुपर्नेछ । साथै कर संकलन गर्न अनिवार्य रुपमा यस कार्यालयबाट प्रमाणित गराईएको नगदी रसिदको प्रयोग गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| क) | होर्डिङ्गबोर्ड प्रति वर्गफिट | रु.५५। |
| ख) | ग्लो साईनबोर्ड प्रति वर्गफिट | रु.६६। |
| ग) | भित्ते लेखन प्रति वर्गफिट | रु.२२। |
| घ) | व्यानर प्रति वर्गफिट | रु.३३। |

प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत